# नेपालको आर्थिक क्षेत्रमा प्रतिस्पर्धाको अवस्था

ध्रुवेशचन्द्र रेग्मी
निलु थापा

एकैप्रकारको वस्तु वा सेवाको उत्पादन वा बिक्री गर्ने व्यावसायिक प्रतिष्ठानहरूबीच प्रतिस्पर्धाको स्थिति कायम भई आर्थिक कुशलता रहेको छ भने त्यस्तो अवस्थालाई प्रतिस्पर्धा कायम रहेको मानिन्छ । प्रतिस्पर्धाको प्रमुख आर्थिक उद्देश्य भनेको लागत प्रभावकारिता र उपभोक्ता हित अभिवृद्धि गर्नु हो । प्रतिस्पर्धालाई वस्तु तथा सेवाको मूल्य एवं गुणस्तरको परीक्षण र मूल्यांकन उपभोक्ताबाट गराउने एक स्वचालित प्रणालीको रूपमा समेत लिने गरिन्छ ।

खुला बजार प्रणालीअन्तर्गत राष्ट्रिय अर्थतन्त्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रतिस्पर्धाको महत्वपूर्ण भूमिका रहने गर्दछ । प्रतिस्पर्धाले सीमित स्रोतको विवेकपूर्ण उपयोग, उद्यमी-व्यवसायीको क्षमता अभिवृद्धि र उपभोक्ताका हक-अधिकार संरक्षणमा महत्वपूर्ण योगदान गर्ने गर्दछ । यसले बजार-शक्तिको दुरूपयोगलाई नियन्त्रण गर्नुका साथै साधन-स्रोतलाई सीमित वर्ग वा समुदायमा केन्द्रित हुनबाट रोक्ने प्रयास गर्दछ र सामाजिक न्यायको अनुभूति गराउँदछ ।

उदार आर्थिक प्रणालीमा प्रतिस्पर्धालाई बजार व्यवस्थापनको बलियो जग मानिन्छ । तर खुला बजारमा नियमनको अभाव भएमा गैरप्रतिस्पर्धात्मक गतिविधिहरू व्याप्त हुने सम्भावना पनि उत्तिकै रहन्छ जसको कारण उपभोक्ता र लगानीकर्तालाई गम्भीर असर पर्न सक्दछ ।

नेपालमा सन् १९८० को दशकबाट आर्थिक उदारीकरणको शुरूवात भएको मानिन्छ । यस क्रममा सन् १९८५ मा संरचनात्मक सुधार कार्यक्रमको थालनी भएको थियो । उक्त कार्यक्रमअन्तर्गत देशको अर्थतन्त्रलाई क्रमशः बजारमुखी बनाउँदै लगियो । यस अवधिमा विदेशी पूँजी, सीप र प्रविधिको परिचालनलाई प्रवर्द्धन गर्ने, अर्थतन्त्रमा निजी क्षेत्रको संलग्नता बढाउने किसिमका नीति तथा कार्यक्रम तर्जुमा गर्दै लगियो र आवश्यक नियम-कानूनहरूको समेत व्यवस्था गर्दै लगियो । यस क्रममा निजीकरण ऐन २०५० तथा वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ र औद्योगिक व्यवसाय ऐन २०४९ ल्याइयो । साथै उदारीकरणको सिद्धान्त र नीतिको परिपूरक हुने गरी दशौं योजना, वाणिज्य नीति २०४९ तथा औद्योगिक नीति २०४९ समेत तर्जुमा गरियो ।

यी विभिन्न प्रयासमार्फत् नेपाल सरकारले देशको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका तथा तिनको प्रतिस्पर्धात्मक क्षमता बढाउँदै लैजाने प्रयत्न गऱ्यो । तर प्रतिस्पर्धी बजार निर्माण गर्ने लक्ष्य लिएर उल्लेखित विभिन्न सुधारका कार्यहरूको थालनी गरिए पनि अपरिहार्य मानिएको प्रतिस्पर्धा नीति तथा कानूनको तर्जुमातर्फ त्यो बेला यथोचित ध्यान नपुग्दा अर्थतन्त्रका धेरै क्षेत्रहरूमा प्रतिस्पर्धा संस्थागत हुन भने सकेन ।

## नेपाली बजारमा प्रचलित केही गैरप्रतिस्पर्धात्मक व्यापारिक क्रियाकलाप

उदार अर्थव्यवस्थामा प्रतिस्पर्धात्मक वातावरण सिर्जना हुन्छ र उपभोक्ताले सुपथ मूल्यमा र सरल तरीकाबाट वस्तु तथा सेवाको उपभोग गर्न पाउँछन् भन्ने अपेक्षा गरिएको हुन्छ । तर अर्थव्यवस्थालाई उदार बनाउँदैमा त्यस्तो अपेक्षा पुरा हुन्छ भन्ने छैन । नेपालमा बजार व्यवस्थाको अकुशलता तथा सही नीति तथा कानूनको अभाव र भएका कानूनहरूको फितलो कार्यान्वयनले गर्दा खुला आर्थिक नीति भएपनि स्वच्छ प्रतिस्पर्धामा आघात पुऱ्याउने र उपभोक्ताको हक अधिकारलाई कुण्ठित गर्ने क्रियाकलापहरू प्रशस्तरूपमा भएको प्रचलनमा देख्न सकिन्छ । नेपालमा प्रचलित त्यस्ता गैरप्रतिस्पर्धात्मक व्यापारिक क्रियाकलापलाई तल संक्षेपमा चर्चा गरिएको छः

**व्यापारिक गठबन्धनः** दुई वा सोभन्दा बढी प्रतिस्पर्धी व्यापारिक संस्था वा व्यवसायीहरू एक आपसमा सहमति गरेर प्रतिस्पर्धा नगर्ने निर्णय गर्दछन् भने त्यसलाई व्यापारिक गठबन्धन भनिन्छ । यस्ता किसिमका गठबन्धनले प्रतिस्पर्धालाई कुण्ठित गर्दछन् र त्यस्ता सम्झौता/सहमतिमा भाग लिने पक्षलाई बजार शक्ति प्रदान गरी उपभोक्ताको शोषण गर्न बल पुऱ्याउँछन् । व्यापारिक गठबन्धनअन्तर्गत मूल्य निर्धारण, बजार बाँडफाँड र वस्तु/सेवाको आपूर्तिको परिमाण सीमित गर्नेजस्ता गैरप्रतिस्पर्धात्मक व्यापारिक गतिविधिहरु पर्दछन् । नेपालमा व्यापारिक गठबन्धन उल्लेख्य रूपमा रहेको विभिन्न अध्ययनहरूले देखाएका छन् । विशेषगरी बजारमा हुने मुल्यवृद्धिको एक प्रमुख कारण नै व्यापारिक गठबन्धनलाई मान्ने गरिन्छ ।

**मिलोमतोपूर्ण ठेक्काः** ठेक्काको आपूर्तिकर्ता र ठेकेदारहरूबीच हुने एक प्रकारको साँठगाँठलाई मिलोमतोपूर्ण ठेक्का भनिन्छ । यसप्रकारको मिलोमतो गर्दा कसले कति परिमाणमा र कति मूल्यको ठेक्का कुन समयमा पाउने भन्ने कुरा पहिल्यै निश्चित गरिन्छ र सोहीअनुरूप टेण्डर भरेर प्रतिस्पर्धालाई छेकवार लगाइन्छ । यस्तो क्रियाकलाप गर्दा एक आपसमा मिलेर बोलपत्रको मूल्य वा अन्य विवरणमा सम्झौता गरिन्छ । कसै-कसैले त बोलपत्र दाखिला नगरी अथवा थोरै वा एउटामात्र बोलपत्र दाखिला हुने स्थितिसमेत सिर्जना गर्दछन् । नेपालमा यस्तो मिलोमतोपूर्ण ठेक्का भएका धेरै उदाहरण छन् । विशेषतः विभिन्न परियोजनाहरूमा प्रयोग हुने सामग्रीहरूको आपूर्ति, सेना तथा प्रहरीको रासन आपूर्ति, अस्पतालमा औषधिको आपूर्ति तथा सरकारी कार्यालयमा सामानको आपूर्ति वा निर्माणजस्ता कार्यमा यस्तो मिलोमतो बढी प्रचलनमा देखिन्छ । यस्तो मिलोमतोले स्वच्छ प्रतिस्पर्धी व्यवसायीको अहित गर्नुका साथै ठेक्काको मूल्य बढाउँछ, गुणस्तरमा सम्झौता गर्दछ र सेवाको सुनिश्चिततामा असर पार्दछ ।

**नेपालले खुला आर्थिक नीति अवलम्बन गरेपनि कानूनहरूको फितलो कार्यान्वयनले गर्दा स्वच्छ प्रतिस्पर्धामा आघात पुऱ्याउने र उपभोक्ताको हक अधिकारलाई कुण्ठित गर्ने क्रियाकलापहरू प्रशस्तरूपमा हुने गरेका छन् ।**

**सिण्डिकेट प्रणालीः** केही व्यवसायीहरु मिलेर वस्तु वा सेवाको आपूर्तिमा आलोपालो प्रणाली अपनाउने र आफ्नो कुरा नमान्ने वा अपनाइएको प्रणालीभित्र नआउने गैरसदस्य व्यवसायीलाई व्यवसाय गर्नबाट रोक लगाउने कार्यलाई सिण्डिकेट प्रणाली भनिन्छ । यस्तो कार्यले स्वच्छ प्रतिस्पर्धालाई कुण्ठित गर्नुका साथै उपभोक्तालाई छनौटको अवसरबाट समेत वञ्चित गराउँदछ । नेपालको यातायात क्षेत्रमा निकै लामो समयदेखि यस्तो प्रणाली कायम छ । यस प्रणालीअन्तर्गत सिण्डिकेटका सदस्यहरूले आलोपालो गरी सवारी साधन चलाउँछन् र आफ्नो सवारी चल्ने रूटमा अन्यलाई रोक लगाउँछन् । फलस्वरूप सिण्डिकेटका सदस्यहरू आफ्नो वस्तु वा सेवाको मूल्य अप्राकृतिक रूपमा बढाउन र वस्तु वा सेवामा कुनै सुधार नगरी व्यापार गर्न समर्थ हुन्छन् ।

**बन्धनयुक्त बिक्रीः** कुनै बिक्रेता, उत्पादक वा वितरकले आफ्नो प्रभुत्व भएको वस्तु वा सेवाको बिक्री गर्दा अर्को कुनै वस्तु/सेवा पनि खरिद गर्न बाध्य पार्दछ भने त्यसलाई बन्धनयुक्त बिक्री भनिन्छ । उच्च माग भएका वस्तु/सेवाको बिक्रेतासँग उक्त वस्तु/सेवा आपूर्तिकर्ताको हैसियतले एक प्रकारको शक्ति अन्तरनिहित हुन्छ । त्यही शक्तिको आडमा बिक्रेताले बिक्री हुन गाह्रो हुने, कम गुणस्तरको मानिएको र उपभोक्तालाई आवश्यक नभएको अर्को कुनै वस्तु/सेवा पनि जबरजस्ती बिक्री गराउन सक्दछन् ।

**पुनर्बिक्री मूल्य निर्धारणः** कुनै उत्पादकले आफूले उत्पादन गरेका वस्तु/सेवाको न्यूनतम बिक्री मूल्य तोकेर थोक वा खुद्रा बिक्रेतालाई सोभन्दा कम मूल्यमा बिक्री नगर्न निर्देशन दिन्छ भने त्यस्तो क्रियाकलापलाई पुनर्बिक्री मूल्य निर्धारण भनिन्छ । कुनै खुद्रा वा थोक बिक्रेताले ठूलो परिमाणमा सामान खरिद गरेर पारवहन तथा अन्य खर्चमा मितव्ययिता अपनाई स्वेच्छापूर्वक उपभोक्तालाई तोकिएको भन्दा कम मूल्यमा वस्तु/सेवा बिक्री गर्न सक्दछ । तर उत्पादकले यसलाई रोक लगाउने गर्दछन् । प्रतिस्पर्धा कानून भएका सबै मुलुकले यस्तो कार्यलाई गैरप्रतिस्पर्धात्मक मान्दै वर्जित गरेको पाइन्छ । नेपालमा मिनरल वाटर, बियर र लुगा धुने साबुन जस्ता वस्तुमा उत्पादकले पुनर्बिक्री मूल्य निर्धारण गर्ने गरेका छन् ।

**मूल्यमा भेदभावः** कुनै व्यवसायीले एकै प्रकृतिका अलग-अलग व्यवसायीलाई एवं एकै प्रकृतिका अलग-अलग उपभोक्तालाई मूल्यमा विभेदपूर्ण व्यवहार गर्दछ भने त्यस्तो क्रियाकलापलाई गैरप्रतिस्पर्धात्मक मानिन्छ । यस्तो विभेद सामान्यतया कारोबारको आकारका आधारमा गरिन्छ । यस्तो अभ्यासलाई नियन्त्रण नगर्ने हो भने सक्षम एवं कुशल मानिएका साना तथा मझौला व्यवसायीसमेत मर्कामा पर्न सक्दछन् र व्यवसाय त्याग्नुपर्ने अवस्थामा पुग्न सक्दछन् ।

नेपालमा बैंकिङ्ग क्षेत्रको ब्याज दरमा यस्तो अभ्यास देख्न सकिन्छ । बैंकहरूले विभिन्न वर्गका ग्राहकहरूसँग लिने ब्याज दरमा निकै अन्तर गर्ने गरेका छन् । यसले साना तथा मझौला व्यापारीका तुलनामा ठूला व्यापारीहरूलाई फाइदा हुनुका साथै साना व्यापारीलाई पूँजीको पहुँचमा समेत बाधा पुग्ने गरेको पाइन्छ ।

**दुराशयपूर्ण मूल्य निर्धारणः** प्रतिस्पर्धी एवं आफूभन्दा साना उद्योग एवं कम्पनीहरूलाई बजारबाट विस्थापित गराउने उद्देश्यले लागतभन्दा कम मूल्य कायम गर्ने कार्यलाई दुराशयपूर्ण मूल्य निर्धारण भनिन्छ । यस्तो

मूल्य निर्धारणभित्र आफूलाई भविष्यमा बजारशक्तिको रूपमा स्थापित गराउने मनसाय लुकेको हुन्छ । विगतमा नेपालका कतिपय नाम चलेका दैनिक पत्रिका, टेलिफोन कम्पनी, विमान कम्पनीहरूले यस्तो प्रकारको दुराशयपूर्ण मूल्य निर्धारण गरेका उदाहरणहरू पाइन्छन् ।

**एकलौटी कारोबारः** कुनै पनि उत्पादकले एउटै डिलर वा बिक्रेतासँग मात्र कारोबार गर्ने अभ्यासलाई एकलौटी कारोबार भनिन्छ । यस्तो अभ्यास गर्दा उत्पादकले अन्य डिलर वा बिक्रेता जतिसुकै कुशल भएपनि उसलाई कारोबारको मौका दिँदैन । यस्तो अवस्थामा कुशल बिक्रेताले आफ्नो मुनाफालाई उपभोक्तासँग बाँड्न चाहेमा त्यो सम्भव हुँदैन र उपभोक्ताको छनोटको अधिकार पनि कुण्ठित हुन पुग्दछ । कुनै उत्पादकले डिलर वा बिक्रेतालाई आफ्नोबाहेक अरूको उत्पादनको कारोबार गर्न दिँदैन भने त्यसलाई पनि एकलौटी कारोबार भनिन्छ ।

यीबाहेक विलय र प्राप्ति (merger and acquisition) लगायत एकाधिकारात्मक हैसियतको दुरूपयोगजस्ता गैरप्रतिस्पर्धात्मक गतिविधिहरू पनि विद्यमान छन् । यस्ता गतिविधिहरू हाललाई त्यति महत्वपूर्ण नभए पनि यिनले भविष्यमा असर पार्न सक्ने देखिन्छन् ।

## प्रतिस्पर्धासँग सरोकार राख्ने केही प्रचलित नेपाली कानूनहरू

उल्लेखित गैरप्रतिस्पर्धात्मक व्यापारिक क्रियाकलापले स्वच्छ उद्यमी–व्यवसायी एवं उपभोक्ताको हक–अधिकार कुण्ठित गर्दछ । यस्तो क्रियाकलापले राष्ट्रिय अर्थतन्त्रलाई पनि नकारात्मक असर पार्न सक्दछ । यसै कुरालाई मध्यनजर गरेर विश्वका अधिकांश राष्ट्रहरूले प्रतिस्पर्धा कानून तर्जुमा गरेका छन् र सो कानूनमार्फत् उल्लेखित कार्यलाई अपराध मान्दै त्यस्ता अपराधमा संलग्न व्यवसायीलाई हदैसम्म सजायको व्यवस्था गरेका छन् । प्रतिस्पर्धासँग सरोकार राख्ने केही प्रचलित नेपाली कानूनहरूको तल चर्चा गरिएको छः

नेपालको कानूनको इतिहासमा सर्वप्रथम वि.सं. १९९२ साउन १० गते प्रतिस्पर्धाको अवधारणालाई केहीमात्रामा समेटिएको इस्तिहार जारी गरिएको थियो । उक्त इस्तिहार प्रतिस्पर्धासम्बन्धी विशेष ऐनको स्वरूपमा त थिएन तर नेपालमा स्वदेशी वा विदेशी फर्मले उत्पादन गरेका मालवस्तुको एजेन्सी लिने व्यक्तिको काम कारवाहीमा नियमन तथा नियन्त्रण गर्ने उद्देश्यले जारी भएको थियो । त्यसपछि क्रमशः उद्योग तथा व्यापार व्यवसायको नियमन, आयात निर्यातको इजाजत र एकाधिकारको अन्त्यका लागि कालो बजार ऐन २००८, नेपाल खाद्यान्न सञ्चय निवारण ऐन २००९, निकासी पैठारी नियन्त्रण ऐन २०१३, आवश्यक सेवा सञ्चालन ऐन २०१४ जारी गरियो । जम्माखोरी तथा कृत्रिम अभावजस्ता कार्यलाई नियन्त्रण गर्ने उद्देश्यले छुट्टै नेपाल एजेन्सी ऐन २०१४ समेत जारी गरिएको थियो ।

उल्लेखित कानूनका अतिरिक्त प्रतिस्पर्धासँग प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सरोकार राख्ने प्रावधानहरु समावेश गरेर अन्य कानूनहरूको समेत तर्जुमा भएको देखिन्छ । जस्तैः आवश्यक पदार्थको उत्पादन, वितरण र व्यापारमा नियमितता गर्ने उद्देश्यले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन २०१७, खाद्य पदार्थको स्तरसम्बन्धी खाद्य ऐन २०२३, कालोबजार तथा नाफाखोरीजस्ता क्रियाकलापलाई निषेध गर्न कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, गुणस्तरयुक्त औषधि प्रत्याभूत गर्नका लागि औषधि ऐन २०३५ तथा गुणस्तर कायम गर्ने र गुणस्तरको प्रमाण चिन्ह प्रयोग गर्नेसम्बन्धी व्यवस्था गर्न नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन २०३७, आदि ।

स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनका लागि नेपाल अधिराज्यको संविधान २०४७ लाई एक महत्वपूर्ण कोशेढुंगा मानिन्छ । यसले स्वच्छ प्रतिस्पर्धाको प्रवर्द्धनलाई सुविचारित रूपमा राज्यको सिद्धान्त र नीतिभित्र समावेश गरेको थियो । त्यसपछि आएका विभिन्न कानूनहरू जस्तै, नेपाल औद्योगिक व्यवसाय ऐन २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९, निजीकरण ऐन २०५० मा संविधानको उक्त भावनालाई आत्मसात् गर्दै सोहीअनुसार स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनमा सहयोगी हुने प्रावधानहरूलाई समेटिएको छ । त्यस्तै उपभोक्ताको हकहित संरक्षण गर्ने उद्देश्यले उपभोक्ता संरक्षण ऐन २०५४ पनि ल्याइएको छ जसले सिण्डिकेट प्रणाली, गठबन्धन, कोटा निर्धारण, कृत्रिम अभाव, भ्रामक विज्ञापन, उपभोग्य वस्तुको उत्पादन घटाउनेजस्ता अनुचित व्यापारिक क्रियाकलापहरूलाई नियन्त्रण र निषेध गर्ने उद्देश्य राख्दछ । वर्तमान अन्तरिम संविधान २०६३ मा समेत स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धन गर्ने कुरालाई राज्यको सिद्धान्त र नीतिभित्र समावेश गरिएको छ ।

यसरी नेपालको आर्थिक क्षेत्रमा स्वच्छ प्रतिस्पर्धा कायम गर्दै समग्र आर्थिक कुशलता हासिल गर्न नेपाल सरकारले धेरै अघिदेखि उल्लेखित विभिन्न संवैधानिक, कानूनी र नीतिगत प्रयास गर्‍यो । तर तिनका बावजुद देशमा विभिन्न प्रकारका गैरप्रतिस्पर्धात्मक क्रियाकलाप जारी नै रहे । उदार आर्थिक प्रणाली अपनाइसकिएको पृष्ठभूमिमा व्यवसायीबीच स्वच्छ प्रतिस्पर्धा कायम गर्न नसक्दा अर्थतन्त्रमा अस्तव्यस्तता आउन सक्दछ । सोही कुरालाई मनन गर्दै एवं नेपालले विश्व व्यापार संगठनको सदस्यता लिने क्रममा गरेको प्रतिबद्धतालाई कार्यान्वयन गर्ने हेतुले वि.सं. २०६३ मा नेपाल सरकारले "प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन" जारी गर्‍यो । यस ऐनले गैरप्रतिस्पर्धी व्यवहारलाई नियन्त्रण गर्दै अर्थतन्त्रमा स्वच्छ प्रतिस्पर्धा कायम गराउने उद्देश्य लिएको छ ।

## प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३

प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐनले राष्ट्रिय अर्थतन्त्रलाई अझ बढी खुला, उदार, बजारमुखी एवं प्रतिस्पर्धी बनाएर स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धन गर्न खोजेको छ । यसले स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट उत्पादक वा वितरकको व्यावसायिक क्षमता अभिवृद्धि गरी राष्ट्रिय उत्पादकत्व वृद्धि गर्ने, बजारमा अवाञ्छित हस्तक्षेप हुन नदिने र एकाधिकार तथा नियन्त्रित व्यापारिक अभ्यासलाई नियन्त्रण गर्ने उद्देश्य राखेको छ । मूल रूपमा यस ऐनको उद्देश्य वस्तु/सेवाको गुणस्तर अभिवृद्धि गराई तिनलाई प्रतिस्पर्धी मूल्यमा उपभोक्ता समक्ष पुर्‍याउने कार्यलाई प्रोत्साहित गर्नु तथा बजारमा हुन सक्ने सम्भावित अस्वच्छ प्रतिस्पर्धालाई निवारण गरी सर्वसाधारणको हित सुनिश्चित गर्नु रहेको छ । यस ऐनका केही विशेषताहरूको चर्चा तल गरिएको छः

**ऐनको परिधिः** यस ऐनले नेपालभित्र वा बाहिर बसेर वस्तु/सेवाको कारोबार गर्ने व्यक्ति वा व्यापारिक प्रतिष्ठान वा संगठनद्वारा गरिने सबै प्रकारको गैरप्रतिस्पर्धात्मक कार्यलाई ऐनको परिधिभित्र पारेको छ ।

**प्रभुत्वशाली हैसियत तथा गैरप्रतिस्पर्धी कार्यको स्पष्ट परिभाषाः** यो ऐनले प्रभुत्वशाली हैसियतको दुरूपयोग र गैरप्रतिस्पर्धात्मक कार्यहरूलाई

स्पष्टरूपमा परिभाषित गरेको छ । साथै बजारमा प्रभुत्वशाली हैसियत हुनु नै गैरप्रतिस्पर्धी क्रियाकलाप हो भन्ने परम्परागत सोचलाई त्यागेको छ । ऐनले नेपाल राष्ट्रभरी कुनै वस्तुको उत्पादन वा वितरणको ४० प्रतिशतभन्दा बढी हिस्सा रहेको व्यापारिक प्रतिष्ठानलाई प्रभुत्वशाली हैसियत भएको मानेको छ । यसका अतिरिक्त सम्बद्ध बजारलाई प्रभाव पार्न सक्ने वा आफ्नो निर्णय एकपक्षीय रूपमा कार्यान्वयन गराउन सक्ने हैसियतलाई समेत प्रभुत्वशाली हैसियत भनेर परिभाषित गरेको छ । तसर्थ बजारको हिस्सा ४० प्रतिशत भन्दा कम हुँदा पनि प्रभुत्वशाली हैसियत हुन सक्ने अवस्थालाई ऐनले समेटेको देखिन्छ । ऐनले विलय र प्राप्ति, एकाधिकार, एकलौटी कारोबार, बजार सीमितता, बन्धनयुक्त बिक्री, भ्रमपूर्ण विज्ञापन तथा बोलपत्रमा अनियमितता, आदि क्रियाकलापलाई गैरप्रतिस्पर्धात्मक क्रियाकलाप मानेको छ ।

**बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौताको छुट र लचकतालाई राष्ट्रिय हितमा उपयोगः** यो ऐनले बौद्धिक सम्पत्ति अधिकारको प्रयोगमा भएको छुट र लचकतालाई राष्ट्रिय हितमा प्रयोग गर्ने अवसर दिएको छ । कुनै बौद्धिक सम्पत्ति धारकले आफ्नो अधिकार दुरूपयोग गरी उपभोक्ताको अहित वा प्रतिस्पर्धामा आघात पुऱ्याउने काम गरेमा नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउन सक्ने जस्तो सराहनीय व्यवस्था यो ऐनले गरेको छ ।

**विकासको आयामलाई आत्मसातः** सबै क्षेत्रहरूलाई प्रतिस्पर्धाको परिधिभित्र ल्याउँदा राष्ट्रका साना तथा घरेलु उद्योगहरू धराशयी हुन सक्दछन् । त्यसैले देशका केही क्षेत्रलाई निश्चित अवधिका लागि प्रतिस्पर्धा कानूनको दायराभन्दा बाहिर राखिनु पर्दछ भन्ने पक्षलाई ऐनले आत्मसात् गरेको छ । यसअन्तर्गत घरेलु तथा साना उद्योग, साना कृषकहरूद्वारा उत्पादित कृषि उपजहरू र सामूहिक सौदाबाजीलगायत अन्य केही क्षेत्रलाई ऐनको दायराबाट बाहिर राखिएको छ ।

**राज्यको सामाजिक दायित्वका लागि विशेष अधिकार प्रदानः** यस ऐनले राज्यको जनताप्रतिको सामाजिक दायित्व र सामूहिक हितका लागि सरकारलाई केही विशेष अधिकार प्रदान गरी केही छुटको प्रबन्ध गरेको छ । कहिलेकहीँ देशभरी वा कुनै खास क्षेत्रमा कुनै वस्तु वा सेवाको उत्पादन वा वितरणमा संकट उत्पन्न हुन सक्दछ वा हुन सक्ने अवस्था देखिन सक्दछ । त्यस्तो अवस्थामा उक्त वस्तु वा सेवाको आपूर्ति तथा वितरणको अवस्थालाई विचार गरी नेपाल सरकारले निश्चित अवधिका लागि र तोकिएको क्षेत्रमा ऐनले बन्देज गरेका गैरप्रतिस्पर्धात्मक कार्यलाई छुट दिने आदेश जारी गर्न सक्दछ ।

**प्रतिस्पर्धा प्रवर्द्धन बोर्ड तथा बजार संरक्षण अधिकारीको व्यवस्थाः** यस ऐनले स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनको लागि ११ सदस्यीय प्रतिस्पर्धा प्रवर्द्धन बोर्डको व्यवस्था गरेको छ । वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव अध्यक्ष रहने उक्त बोर्डमा सम्बन्धित क्षेत्रका सरोकारवालालाई समावेश गरिएको छ । ऐनले बोर्डलाई देशमा स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनका लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने जिम्मेवारी प्रदान गरेको छ र प्रतिस्पर्धा विपरितका कार्यको निरीक्षण, अनुगमन र जाँचबुझ गर्ने र त्यसलाई रोक्ने अधिकार समेत प्रदान गरेको छ ।

बजारमा प्रतिस्पर्धा विपरितका कार्य भए/नभएको निरीक्षण, अनुगमन र जाँचबुझ गर्न ऐनले बजार संरक्षण अधिकारीको व्यवस्था पनि गरेको छ । बोर्ड आफैं वा बजार संरक्षण अधिकारीहरू वा बोर्डद्वारा गठित

**नेपालको प्रतिस्पर्धा ऐनले घरेलु तथा साना उद्योग, साना कृषकहरूद्वारा उत्पादित कृषि उपजहरू र सामूहिक सौदाबाजी लगायत अन्य केही क्षेत्रलाई निश्चित अवधिका लागि ऐनको दायराभन्दा बाहिर राखेको छ ।**

उपसमितिले गैरप्रतिस्पर्धात्मक क्रियाकलापसम्बन्धी उजुरी लिन सक्ने र प्राप्त तथ्यहरूका आधारमा त्यसका विरूद्ध अदालतमा मुद्दा दायर गर्न सक्ने अधिकार पनि ऐनले बोर्डलाई प्रदान गरेको छ ।

**क्षतिपूर्तिको व्यवस्थाः** यस ऐनले निषेध गरेको क्रियाकलाप गरेर कसैलाई आर्थिक क्षति भएमा कसूरदारले क्षतिपूर्ति प्रदान गर्नुपर्ने प्रबन्ध ऐनमा गरिएको छ । कुनै व्यक्ति वा प्रतिष्ठानले यस ऐनअन्तर्गतका कुनै कसूर गरेको कारणबाट कसैलाई आर्थिक हानि नोक्सानी भएमा हानि भोग्ने व्यक्तिले त्यस्ता व्यक्ति वा प्रतिष्ठान विरूद्ध आफूलाई परेको क्षति भराई पाउन अदालत समक्ष निवेदन दिन सक्दछन् । क्षतिपूर्ति भराउनुपर्ने देखिएमा अदालतले हानि नोक्सानीको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति वा प्रतिष्ठानबाट निवेदकलाई क्षतिपूर्ति भराई दिनुपर्ने प्रावधान ऐनमा गरिएको छ ।

**सजायको प्रावधानः** यस ऐनको बर्खिलाप कार्य गर्ने व्यक्ति वा व्यापारिक प्रतिष्ठानलाई कसूरको मात्रा र गम्भीरता हेरेर सजायको प्रावधान गरिएको छ । व्यापारी वर्ग हतोत्साहित नहुन् भन्ने उद्देश्यले ऐनले कैदको प्रावधानलाई नराखी केवल जरिबानाको प्रबन्ध गरेको छ । दुःख दिने नियतले कसैले झुठ्ठा उजुर गरेको ठहरेमा त्यस्तालाई रू १० हजारसम्म जरिबाना गरी यस्तो प्रवृत्तिलाई निरूत्साहित गर्न खोजिएको छ । साथै, एउटै अपराध दोहोऱ्याउँदै गएमा कसूरको मात्राअनुसार पटकैपिच्छे सजायको मात्रा वृद्धि हुने प्रावधान गरिएको छ ।

**व्यापारिक जानकारी तथा सूचनाको गोप्यताः** यस ऐनले बोर्डले वा बजार संरक्षण अधिकृतले अनुसन्धानको क्रममा प्राप्त गरेका व्यापारिक कारोबार तथा अन्य सूचनाहरूको गोप्यतालाई सुनिश्चित गरेको छ । यसैको कारण व्यापारी वर्ग अनुसन्धानको क्रममा जानकारी दिन प्रोत्साहित हुन सक्दछन् । साथै बोर्डले आफ्नो कार्य सम्पादनका सिलसिलामा सहयोग गर्नेहरूका लागि विभिन्न प्रोत्साहनको व्यवस्था गरेको छ । उदाहरणका लागि अनुसन्धानमा सहयोग गर्ने व्यक्ति वा व्यापारिक प्रतिष्ठानलाई उसले पाउने सजायमा छुट वा मिनाहाको व्यवस्था, सत्य सूचना दिनेलाई पुरस्कार प्रदान गर्ने व्यवस्था, आदि । यस्ता किसिमका प्रावधानबाट व्यापारिक प्रतिष्ठानलाई व्यापारिक गठबन्धनबाट अलग हुन प्रोत्साहित गरेर स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धन गर्ने ऐनको उद्देश्यलाई सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३ का कमी कमजोरी

नेपालको प्रतिस्पर्धासम्बन्धी ऐनले यस्तो किसिमको ऐनमा हुनुपर्ने महत्वपूर्ण अवयवलाई समेटेको छ । यसले व्यापार र विकाससम्बन्धी

संयुक्त राष्ट्र संघीय सम्मेलन (United Nations Conference on Trade and Development-UNCTAD) तथा विश्व बैंकले निर्माण गरेका नमुना कानूनहरूले आत्मसात् गरेका महत्वपूर्ण पक्षलाई *(कोष्ठक)* केही हदसम्म समेटेको छ । तर अझैपनि उक्त ऐनमा धेरै कमी कमजोरी रहेका छन् । ती विभिन्न कमी कमजोरीहरूको चर्चा संक्षेपमा तल गरिएको छ ।

**कमजोर अस्तित्वको बोर्डः** प्रारम्भमा प्रतिस्पर्धासम्बन्धी ऐनको मस्यौदामा एक स्वतन्त्र आयोग रहने प्रावधान गरिएको थियो । तर पछि ऐनमा स्वतन्त्र आयोगको सट्टामा बोर्डको व्यवस्था गरियो जसको नेतृत्व वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवलाई तोकिएको छ । यसका अन्य सदस्यहरु सरकारद्वारा मनोनित हुने र सरकारले चाहेको बेलामा हटाउन सक्ने प्रबन्ध ऐनमा गरिएको छ । अर्को कुरा, बोर्ड आर्थिक रूपमा सरकारप्रति नै निर्भर रहेको छ । उल्लेखित विभिन्न कारणले गर्दा बोर्डले राजनीतिक र प्रशासनिक हस्तक्षेपबाट मुक्त भई स्वतन्त्र रूपमा काम गर्न कठिन देखिन्छ ।

**सजायको प्रावधानः** ऐनमा निर्धारण गरिएको सजायको व्यवस्था ज्यादै कमजोर रहेको छ । यस ऐनअन्तर्गत हुन सक्ने रू ५ लाखसम्मको जरिबाना गैरप्रतिस्पर्धी कार्यको असरको तुलनामा ज्यादै कम हुन सक्दछ । तसर्थ ऐनअन्तर्गत हुने सजायलाई कसूरले बजारमा पारेको वा पार्न सक्ने असरका आधारमा तय गर्नु उपयुक्त हुन्छ ।

**झुठ्ठा उजुरबाट परेको हानि नोक्सानीको सम्बन्धमा मौनताः** ऐनले तोकेको गैरप्रतिस्पर्धात्मक क्रियाकलापका कारण कुनै आर्थिक हानि नोक्सानी भएमा कसूर गर्ने व्यक्ति वा प्रतिष्ठान विरूद्ध क्षतिपूर्तिका लागि अदालत समक्ष निवेदन दिन सकिन्छ । साथै झुठ्ठा उजुर गरेको ठहरेमा चाहिँ उजुर गर्नेलाई नै रू १० हजारसम्म जरिबानाको प्रबन्ध गरिएको छ । तर कसैले झुठ्ठा उजुर गरेको कारणबाट पर्न जाने वा भएको नोक्सानीको क्षतिपूर्ति पाउने सम्बन्धमा भने ऐन मौन छ । यस्तो अवस्थामा आफ्ना प्रतिद्वन्दीलाई बदनाम गर्ने नियतले झुठ्ठा उजुर गर्ने कार्यमा व्यापक वृद्धि हुन सक्दछ ।

**क्षेत्रगत नियमन निकायको भूमिकामा मौनताः** बजार संयन्त्रलाई सुचारू रूपले सञ्चालन हुन दिनका लागि नियमनको कार्य र नियमनकारी निकायको भूमिका महत्वपूर्ण रहने गर्दछ । यसै कुरालाई आत्मसात् गर्दै विभिन्न ऐनअन्तर्गत अलग–अलग क्षेत्रको नियमन गर्न स्वायत्त प्रकारका अलग–अलग क्षेत्रगत नियमनकारी निकायहरूको व्यवस्था गरिएको छ । जस्तैः नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल राष्ट्र बैंक, बीमा समिति, धितोपत्र बोर्ड नेपाल, नेपाल विद्युत प्राधिकरण, आदि । तर प्रतिस्पर्धा प्रवर्द्धन तथा निषेधित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्न महत्वपूर्ण भूमिका रहने त्यस्ता क्षेत्रगत नियमनकारी निकायको सम्बन्धमा यो ऐन मौन रहेको छ ।

त्यसैगरी प्रतिस्पर्धा प्रवर्द्धन बोर्ड र क्षेत्रगत नियमनकारी निकायको बीचको समन्वयात्मक भूमिकाका सम्बन्धमा पनि ऐनमा उल्लेख गरिएको छैन । क्षेत्रगत नियमनकारी निकाय र प्रतिस्पर्धा आयोगको काम कारवाहीको बारेमा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत ठूला–ठूला विवादहरू देखिएका छन् । त्यसैले नेपालको उक्त ऐनमा त्यस्ता निकायबीच उचित समन्वय हुन नसके ती निकायबीच विवाद आउने कुरालाई नकार्न सकिन्न । यीबाहेक ऐनमा रहेका अन्य केही सारभूत कमी कमजोरीहरू पनि छन् जसलाई सुधार गरेरमात्र प्रतिस्पर्धा कानूनको उद्देश्य प्राप्त गर्न सकिन्छ ।

**कोष्ठक — प्रतिस्पर्धा कानूनको अपेक्षित स्वरूप**

- ऐनले गैरप्रतिस्पर्धात्मक क्रियाकलापको उपचारभन्दा रोकथाममा जोड दिनु पर्दछ ।
- गैरप्रतिस्पर्धात्मक क्रियाकलाप नियन्त्रण गर्दा प्रतिस्पर्धी उद्योगहरूलाई प्रोत्साहन; कमजोर क्षेत्र, वर्ग र समूहको प्रवर्द्धन; दक्षता वृद्धि, निर्यात प्रवर्द्धनजस्ता विकास र गरीबी सम्बन्धी आयामलाई आत्मसात गर्नु पर्दछ ।
- ऐन लागू गर्ने क्रममा आयोग वा बोर्डले आफ्नो अनुगमनलाई मात्र आधार बनाउनुको सट्टामा उपभोक्ता संगठन वा अन्य सरोकारवालाको उजुरीलाई समेत आयोग वा बोर्डको काम कारवाहीको आधार बनाउन सक्ने व्यवस्था कानूनमै गरिनु पर्छ ।
- ऐनमा राजनीतिक र प्रशासनिक हस्तक्षेपबाट मुक्त, स्वायत्त एवं निष्पक्ष प्रतिस्पर्धा आयोगको व्यवस्था हुनु पर्दछ ।
- आयोगको निर्णय चित्त नबुझेमा राज्यको अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था कानूनमा हुनु पर्दछ ।
- विषयगत तथा क्षेत्रगत नियमनकारी निकायहरूसँग प्रतिस्पर्धा आयोगको सम्बन्ध र समन्वय कानूनमा नै किटान गर्नु पर्दछ ।
- प्रतिस्पर्धाको संस्कार विकासका लागि प्रतिस्पर्धा आयोगले प्रतिस्पर्धा शिक्षा, पैरवी एवं जागरणको कार्यलाई आफ्नो अभिन्न कार्यको रूपमा लैजाने गरी कानूनी प्रबन्ध गर्नु पर्दछ ।

*स्रोतः www.unctad.org; www.worldbank.org*

## निष्कर्ष र सुझाव

कानूनी शासन र जनकल्याणका लागि कानूनको निर्माण गरेरमात्र पुग्दैन । त्यसको कार्यान्वयन पक्ष फितलो भएमा कानूनको औचित्य नै रहन्न । हाम्रो देशका धेरै ऐनहरू कागजीरूपमा उत्कृष्ट भएर पनि कार्यान्वयनमा असफल देखिएका छन् । वास्तवमा कानूनको सफल कार्यान्वयनका लागि कार्यान्वयन गर्ने निकायको हैसियत महत्वपूर्ण हुन्छ । विषयको ज्ञान नभएको र सधैं व्यस्त रहने निकायलाई कार्यान्वयनको जिम्मेवारी दिएमा त्यसबाट उद्देश्य प्राप्त हुँदैन । यो कुरा उपभोक्ता संरक्षण ऐन २०५४ लगायत विगतका विभिन्न कानूनको फितलो कार्यान्वयनको अवस्थाले पुष्टि गरिसकेको छ । त्यसैले भर्खरै तर्जुमा भएको प्रतिस्पर्धा कानूनको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन निकट भविष्यमा नै यसलाई सरोकारवालाहरूबाट आएका सुझावका आधारमा परिमार्जन गर्नु आवश्यक छ ।

कानून संशोधन गर्ने प्रक्रिया लामो र जटिल हुन्छ । त्यसैले ऐनमा प्रबन्ध गरिएको बोर्डको प्रभावकारिताका लागि र समग्र ऐनकै प्रभावकारिताका लागि ऐनमा भएका कमी कमजोरीलाई सम्बोधन गर्ने गरी नियमावलीलाई संशोधन गर्नु उपयुक्त देखिन्छ । यसका साथै नेपालको आर्थिक क्षेत्रमा

प्रतिस्पर्धालाई प्रभावकारी बनाउन निम्नबमोजिम थप कार्यहरू गर्नु आवश्यक देखिन्छः

- सरकारले अन्य कुनै पनि नीति निर्माण गर्दा एवं कानूनको तर्जुमा गर्दा त्यसले प्रतिस्पर्धामा पार्न सक्ने असरको विषयमा विस्तृत अध्ययन गर्नु आवश्यक छ ।

- प्रतिस्पर्धी वातावरणको सिर्जना गर्नका लागि उद्योगी–व्यवसायीको पनि महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले सरकारले उनीहरूका बीच प्रतिस्पर्धाको संस्कार विकास गर्न आवश्यक चेतनामूलक कार्यक्रमहरू आयोजना गर्नु पर्दछ ।

- प्रतिस्पर्धा कानून एवं त्यसको सफल कार्यान्वयन गर्न सक्ने स्वायत्त निकायको अभावमा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने कार्य असम्भवप्रायः छ । तसर्थ सरकारले प्रतिस्पर्धा कानूनको सफल कार्यान्वयनका लागि स्वायत्त निकायको स्थापना गर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ । तर हाललाई वाणिज्य मन्त्रालयअन्तर्गत अधिकारसम्पन्न एउटा छुट्टै शाखाको व्यवस्था गर्न सकिन्छ ।

- बोर्डलाई एक अर्धन्यायिक निकायसरह अधिकार दिइनु पर्दछ । यसलाई उजुरी सुन्ने, अनुसन्धान गर्ने र प्रारम्भिक रूपमा सजाय तोक्ने पहिलो जिम्मेवारी दिएरमात्र यसको प्रभावकारिता बढाउन सकिन्छ ।

- उपभोक्ता जागरूक र सबल भएमा गैरप्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न व्यवसायीहरु बाध्य भई स्वच्छ प्रतिस्पर्धात्मक क्रियाकलाप तर्फ लाग्ने सम्भावना हुन्छ । त्यसैले उपभोक्तालाई सचेत र जागरूक बनाउन सरकारी एवं गैरसरकारी संस्थाहरूले आवश्यक कार्य गर्नुपर्ने हुन्छ ।

- उपभोक्ता संरक्षण ऐन २०५४ लगायत प्रतिस्पर्धा प्रवर्द्धनमा सहयोगी कानूनहरूको कार्यान्वयनलाई बढी प्रभावकारी बनाउनु पर्दछ । साथै प्रतिस्पर्धासँग सरोकार राख्ने कानूनहरूलाई प्रतिस्पर्धामैत्री बनाउँदै लैजानु आवश्यक देखिन्छ ।

- ऐनको कार्यान्वयनका लागि सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता हुने विधिको विकास गर्नु पर्दछ । प्रतिस्पर्धा कानूनको सफल कार्यान्वयनका लागि ऐन, नियमावली तथा निर्देशिकाका साथै प्रतिस्पर्धाका महत्वपूर्ण विषयवस्तुलाई समावेश गरेर बजार संरक्षण अधिकृतहरूका लागि समय–समयमा अभिमुखीकरण कार्यक्रमको आयोजना गरिरहनु पर्दछ । ■

## थप जानकारी र प्रतिक्रियाका लागि

सावती (South Asia Watch on Trade,
Economics and Environment–SAWTEE)
पो.ब.नं. १९३६६, टुकुचा मार्ग, बालुवाटार, काठमाडौं, नेपाल
फोनः ४४२४३६०, ४४४४४३८, फ्याक्सः ४४४४५७०
ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) GmbH
Supporting the Implementation of Nepal's WTO Commitments and the Enhanced Integrated Framework (WTO/EIF–SP) Project
नारायणी कम्प्लेक्स, चौथो तल्ला, पो.ब.नं. १४५७
पुल्चोक, ललितपुर, फोनः ५५५५२८९, फ्याक्सः ५५२१७१२
ईमेलः giz-nepal@giz.de, वेबः www.giz.de/nepal

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । सन् १९९९ मा गैरसरकारी संस्थाका रूपमा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा पनि विभिन्न परियोजना र कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

COOPERATION NEPAL GERMANY

जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) जर्मन संघीय मन्त्रालयको आर्थिक समन्वय र विकासका लागि काम गरिरहेको संघीय निकाय हो । यस संस्थाले जर्मन सरकारलाई दिगो विकासका लागि अन्तर्राष्ट्रिय सहयोगको क्षेत्रमा आफ्नो लक्ष्य प्राप्त गर्न सहयोग गर्दछ । GIZ द्वारा संचालित WTO/EIF–SP परियोजनाको मुख्य उद्देश्य नेपाललाई विश्व व्यापार संगठनको सदस्यता तथा व्यापारका लागि सुदृढ एकीकृत संरचना (Enhanced Integrated Framework–EIF) बाट लाभ प्राप्त गर्न सहयोग पुर्‍याउनु हो । यसका लागि GIZ ले वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्य साझेदार संस्थाहरूसँग मिलेर काम गरिरहेको छ ।

यो नीतिसार जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) को Supporting the Implementation of Nepal's WTO Commitments and the Enhanced Integrated Framework (WTO/EIF–SP) परियोजनाअन्तर्गत सावतीद्वारा संचालित कार्यक्रमको लागि तयार पारिएको हो । लेखकद्वय सावतीसँग आबद्ध हुनुहुन्छ । यस जानकारीपत्रलाई पुनरावलोकन गरिदिनुहुने अधिवक्ता अपूर्व खतिवडालाई सावती धन्यवाद ज्ञापन गर्दछ । यसमा प्रकाशित विचार तथा मान्यता लेखकहरूकै हुन्, सावती र GIZ का नहुन पनि सक्छन् ।
कपिराइटः सावती र GIZ, २०६९, सज्जाः विपेन्द्र घिमिरे (इफेक्ट), मुद्रकः जगदम्बा प्रेस, ललितपुर ।